# लक्ष्मीनियाँ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- २०८१।२०८२

चलानी नं. :-

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति:२०८१।११।०५**

वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित तथा उपलब्धिमुलक बनाउने उदेश्यले सूचना तथा परामर्श, सिप तालिम, न्यायमा पहुँच, वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श लगायत सामुदायिक सचेतीकरणका क्रियाकलापहरु सञ्चालनका लागि निम्नानुसारको जनशक्ति करार सेवामा लिन आवश्यक भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुका लागि यो सूचना प्रकाशन गिरएको छ। म्याद भित्र आवेदन प्राप्त नभएका दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन ।

| क्र.सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १. | मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह सरह) | १ जना (महिलालाई विशेष ग्राहयता दिईने छ) | • मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट स्टाफ नर्स वा मान्यताप्राप्त विश्वद्यालयबाट पब्लिकहेल्थ / नरसिंग / मनोविज्ञान / समाजशास्त्र / सोसिएलवर्कमा वा स्नातक तह / स्वास्थ्यशिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्टग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>• मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रबाट प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ।<br>• कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव (Word, Excel, Powerpoint, Email, Internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सकने।<br>**सामी कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परमर्शर्कर्ताको सन्दर्भमा:**<br>कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उतिर्ण गरि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धि ६ महिने तालिम प्राप्त गरि सो केन्द्रबाट प्रमाणपत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको । |
| २. | रिटर्नी स्वयंसेवक (वैदेशिक रोजगारबाट फर्की आएका) | २ जना | • न्युनतम कक्षा ८ उतिर्ण गरी वैदेशिक रोजगारी (खाडीमुलुक वा मलेसिया) मा गई कम्तिमा १ बर्ष काम गएको अनुभव भएको।<br>• सुरक्षित वैदेशिक रोजगारिको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिइने छ। |

**कार्य अवधि :** २०८२ असार मसान्त सम्म। तर आवश्यकता र कार्य सम्पादनको आधारमा नविकरण गर्न सकने छ।

**परिक्षा दस्तुर : :** मनोसामजिक परामर्शकर्ताको हकमा रु ७०० र रिटनी स्वयंसेवकको हकमा रु ५००/-। यस लक्ष्मीनियाँ गाउँपालिकाको राजश्व शाखामा रकम जम्मा गरी सक्कलै भौचर दरखास्त फारम साथ पेश गर्नुपर्नेछ।

**उमेरको हद :**१८ वर्ष पुरा भई ४०वर्ष ननाघेको।

**छनौटको किसिम:**लिखत (वस्तुगत प्रश्न ) र अन्तवार्ता।

**तलव तथा अन्य सुविधा:**स्थानीय तहमा सुरक्षित आप्रवासन कार्यक्रम संचालन वितीय मार्गदर्शन, २०८१अनुसार हुनेछ।

**दरखास्त दिने अन्तिम मिति:** २०८१।११।१९ गते सम्म ( अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सम्म)

**आवश्यक कागजातहरु:**

- **मनोसामाजिक परामर्शकर्ता पदका लागि :**

हस्त लिखित निवेदन पत्र,नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण (Bio-data/CV) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा स्पष्ट पद सहित निवेदन यस गाउँपालिकामा पेश गर्नु पर्नेछ।

- **रिटर्नी स्वमसेवकको हकमा:**

यस स्थानीय तहको हुनुपर्ने,स्पष्ट पद सहित निवेदन पत्र, राहदानीको प्रतिलिपि (वैदेशिक रोजगारिमा जाँदा इमिग्रेशनले राहदानीमा लगाएको प्रस्थान (Departure) र आगमन (Arrival) को छाप लागेको पेजको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि,नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, व्यक्तिगत विवरण (Bio-data/CV) तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको २ फोटोको साथमा स्पष्ट पद सहित निवेदन यस गाउँपालिकामा पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रिया:**प्रारम्भिक छनौटमा परेका उम्मेद्वारहरुलाई मात्र लिखित र अन्तर्रवार्ता प्रक्रियामा समावेश गरिने छ।

**दरखास्त बुझाउने कार्यालय / विधि :** लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय।

**परिक्षा मिति :** पछि प्रकाशन गरिनेछ।

लिखित परीक्षामा उत्तीर्ण भएकाहरुलाई मात्रै अन्य प्रक्रियामा समावेश गराइनेछ।

प्रमुख प्रशासकीय अधिकृत

राजगिर महतो
प्रमुख प्रशासकीय अधिकृत

टेलिफोन नं. : आर्थिक प्रशासन शाखा मो. ९८५४०२८८३८, जिन्सी शाखा मो. ९८५...
सूचना अधिकारी मो. ९८५४०२८८३९, एम्बुलेन्स मो. ९८५४०८०११४
वेव साइट : https//www.laxminiyamun.gov.np. इमेल : laxminiyamun@gmail.com

CamScanner